# स्वत : प्रकाशन
## ( Pro- active Disclosure)

# सन्धिखर्क नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## सन्धिखर्क, अर्घाखाँची, लुम्बिनी प्रदेश नेपाल

**स्वत : प्रकाशन ( Pro- active Disclosure) गर्नुपर्ने विवरणहरु**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सुचना विवरण ।

(मिति २०७८।१०।०१ देखि मिति २०७८।१२।३० सम्मको विवरण)

१. **सन्धिखर्क नगरपालिकाको स्वरुप र प्रकृती,**

नेपालको पशिचम क्षेत्र प्रदेश नं. ५ अन्तर्गतका १२ जिल्ला मध्ये अर्घाखांची जिल्ला पनि एक हो । तत्कालिन स्थानीय विकास मन्त्रालयले २०७१ बैशाख २५ गते देशमा विभिन्न २ सय ८३ गाविसलाई गाभेर ७२ वटा नयाँ नगरपालिका घोषणा गर्दा अर्घाखाँचीका साविक सन्धिखर्क, नरपानी, खाँचीकोट, किमडाँडा, अर्घा, डिभर्ना र वाङ्ला गाउँ विकास समितिहरू समावेस गरि सन्धिखर्कलाई नगरपालिका घोषणा गरिएको हो ।

२०७३ सालमा स्थानीय तह घोषणा गर्दा पाली गाउँ विकास समितिको वार्ड नं. ०९ लाई समावेश गरी जम्मा १२ वटा वार्ड कायम गरिएको यस नगरपालिकाको क्षेत्रफल १२९.४२ वर्म कि.मी. छ । जसको जनसंख्या जनगणना २०६८ अनुसार ४१०७९ रहेको छ। वि.सं. २०३२ सालमा नरपानीबाट जिल्लाको सदरमुकाम सन्धिखर्कमा सारिएको हो । यो नगर नेपालको मध्य पहाडी क्षेत्रमा अवस्थित रहेको सुन्दर पहाडी इलाकाहरुको विचमा सानो सानो समथर भुभागहरुमा छरिएर रहेको छ । सरल र सुन्दर हृदयले भरिएका नगरवासी, नेपालीपाराको कला संस्कृति विविध भेषभुषा र धेरैजसो हिन्दु संप्रदाय रहेको यस नगरपालिकामा ब्रामहण क्षेत्रीहरुको बहुल्यता रहेको छ । यस नगरपालिकाको नामाकरणको सन्दर्भमा स्थानीय बासिका अनुसार अर्घा र खान्चीका चौबिसे राज्यका भुरे राजाले यसै स्थानमा सन्धि गरेको कारण यसको नाम सन्धिखर्क रहन गएको भनाइ प्रचलित छ । सोही नामबाट पछि सन्धिखर्क नगरपालिका रहेको हो ।

**नगरपालिकाको भौगोलिक अवस्था, सिमाना र क्षेत्रफल**

क) अक्षांशः- २८° ०’ ३.०२ ” उत्तरी आक्षांश
ख) देशान्तरः-८३° १४’४८.९६” पूर्वी देशान्तर
ग) क्षेत्रफल : १२९.४२ वर्ग किलो मिटर
घ) सिमानाः पूर्वः छत्रदेव गाउपालिका पश्चिम : भुमिकास्थान नगरपालीका, उत्तरः मालारानी गाउँपालिका दक्षिणः शितगंगा नगरपालिका

**प्रमुख नदी नाला, धार्मिक/दर्शनीय स्थल**

१. मुख्य नदी नाला खोला तथा तालतलैयाः बांगी खोला, घोचे खोला, भद्री खोला, खर्ज्याङ्ग खोला, दह खोला तथा मथुरा खोला रहेको छन् ।

२. धार्मिक/पर्यटकीय स्थल : सुपादेउराली मन्दिर, अर्घा भवती तथा अर्घा दरवार, गोपेशवर पिठ मथुरा, भगवती मन्दिर खाँचीकोट तथा दवार क्षेत्र, नरपानी नर्तनाञ्चल पर्वत, मसिनालेक, सिद्धेश्वर महादेव मन्दिर, डिभर्ना गुफा ।

**घरधुरी, जनसंख्या तथा क्षेत्रफल**

| वडा नं. | घरपरिवार संख्या | पुरूष संख्या | महिला संख्या | जम्मा जनसंख्या | क्षेत्रफल ( वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | १६०६ | ४०७९ | ३८३० | ७९०९ | १२९.४२ |
| २ | १३९४ | ३६११ | ३३६० | ६९७१ | |
| ३ | ३९२ | १०२७ | ९४३ | १९७० | |
| ४ | ७१६ | २०५६ | १९९७ | ४०५३ | |
| ५ | ६५८ | १९२४ | १६८१ | ३६०५ | |
| ६ | ८६२ | २३६१ | २१६५ | ४५२६ | |
| ७ | ९५६ | २४१९ | २२२१ | ४६४० | |
| ८ | ८९३ | २२९८ | २१७३ | ४४७१ | |
| ९ | ७६५ | २०३७ | १८६० | ३८९७ | |
| १० | ७२९ | २०४२ | १९०२ | ३९४४ | |
| ११ | ८६५ | २३३० | २१०६ | ४४३६ | |
| १२ | ८५० | २२६८ | २०५२ | ४३२० | |
| | १०६८६ | २८४५२ | २६२९० | ५४७४२ | १२९.४२ |

***श्रोतः वास योजना २०७७***

**साविक गाविसका वडा तथा हालका नगरपालिकाका वडाहरु**

| क्र.सं. | समावेश भएका साविकका गाविस/न.पा. | साविकका वडा नं. | नगरपालिकाका वडाहरु |
|---|---|---|---|
| १ | सन्धिखर्क नगरपालिका | १ | १ |

| क्र.सं. | समावेश भएका सविकका गाविस/न.पा. | साविकका वडा नं. | नगरपालिकाका वडाहरु |
|---|---|---|---|
| २ | सन्धिखर्क नगरपालिका | २ | २ |
| ३ | सन्धिखर्क नगरपालिका | ३ | ३ |
| ४ | सन्धिखर्क नगरपालिका | ४ | ४ |
| ५ | सन्धिखर्क नगरपालिका | ५ | ५ |
| | पाली गाविस | ९ | |
| ६ | सन्धिखर्क नगरपालिका | ६, ७ | ६ |
| ७ | सन्धिखर्क नगरपालिका | ८, ९ | ७ |
| ८ | सन्धिखर्क नगरपालिका | १०, ११ | ८ |
| ९ | सन्धिखर्क नगरपालिका | १२ | ९ |
| १० | सन्धिखर्क नगरपालिका | १३ | १० |
| ११ | सन्धिखर्क नगरपालिका | १४ | ११ |
| १२ | सन्धिखर्क नगरपालिका | १५ | १२ |

## २. निकायको काम, कर्तव्य र अधिकार

यस नगरपालिकामा नेपालको संबिधानको अनुसुची ८ मा स्थानिय तहको एकल अधिकारको सुचि र अनुसुची ९ मा सँघ, प्रदेश र स्थानिय तहको अधिकारको साझा सुची, स्थानिय सरकार संचालन ऐन २०७४, संघ र लुम्बिनी प्रदेश कानुन बमोजिम स्थानिय तह सम्बन्धि जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानिय कानुनहरु, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस सन्धिखर्क नगरपालिकामा स्थायी, करार, समायोजन भइ आएका, कर्मचारीहरुको संख्यात्मक विवरण यस नगरपालिकाको वेब साइट www.sandhikharkamun.gov.np मा राखिएको छ ।

## ४. निकायबाट प्रदान गरिने सेवाः

नेपालको संबिधान, स्थानिय सरकार संचालन ऐन २०७४, संघ र लुम्बिनी प्रदेश कानुन बमोजिम स्थानिय तह सम्बन्धि जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानिय कानुनहरु, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, निर्णयहरु समेतको अधिनमा रहि स्थानिय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा तथा जिम्मेवार अधिकारी

यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न विभिन्न विषयगत समितिहरु, विषयगत शाखाहरु, उपशाखाहरु नागरिक सहायता कक्ष, १२ वटा वडा कार्यालयहरु, विभिन्न स्वास्थ्य संस्थाहरु रहेका छन। नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, नगर प्रवक्ता, सुचना अधिकारीको

विवरण **नगरपालिकाको वेब साइट www.sandhikharkamun.gov.np मा राखिएको छ । नगरपालिकामा रहेका विद्यमान शाखा तथा** जिम्मेवार अधिकारीको विवरण यसप्रकार रहेको छ ।

| **क.सं.** | **शाखाको नाम** | **जिम्मेवार अधिकारी** | **सम्पर्क न्मबर** |
|---|---|---|---|
| १ | प्रशासन तथा योजना शाखा | मञ्जु खनाल | ९८५७०६९१०९ |
| २ | आर्थिक प्रशासन शाखा | नवराज गौतम | ९८५७०६९११२ |
| ३ | शिक्षा शाखा | मन्जु आचार्य | ९८५७०६९११३ |
| ४ | सूचना प्रविधि शाखा | बिशाल महत | ९८४९७८२३८३ |
| ५ | राजश्व तथा उद्योग व्यवशाय प्रवर्धन शाखा | मुक्तिराम खनाल | ९८५७०२८९८८ |
| ६ | जिन्सी तथा सामाजिक सुरक्षा शाखा | थान बहादुर महत्रा | ९८५७०६३१७१ |
| ७ | प्राविधिक शाखा | प्रमोद के. सि. | ९८५७०८६७०१ |
| ८ | स्वास्थ्य शाखा | पूर्ण पराजुली | ९८५७०६९१०९ |
| ९ | कृषि बिकास शाखा | राजेन्द्र भट्टराइ | ९८५७०७५४०५ |
| १० | पशुसेवा शाखा | नारायण खनाल | ९८५७०६३०५५ |
| ११ | रोजगार सेवा केन्द्र | हिरामणी पराजुली | ९८४१४४२४६३ |
| १२ | आ. ले. प. शाखा | गोमा ज्ञवाली | |
| १३ | महिला बालबालिका शाखा | बेलकुमारी परियार | ९८५७०८६२२० |
| १४ | सहकारी, बजार अनुगमन तथा न्यायीक शाखा | जिवनारायण आचार्य | ९८४७१०८२२६ |

## ६. यस नगरपालकिा बाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण यस सन्धिखर्क नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारि हुने ऐन, नीति, कार्यक्रम तथा बजेट , स्थानिय सरकार संचालन ऐन, २०७४, स्थानिय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धि व्यवस्था सन्धिखर्क नगरपालिकाको वेब साइट **www.sandhikharkamun.gov.np** मा राखिएको छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

बजेट सिलिङ र मार्गदर्शन प्राप्ती, राजश्व परामर्श समिति बैठक, स्रोत अनुमान तथा बजेट कार्यक्रम तर्जूमा समितिको बैठक, टोल वस्तिबाट योजना संकलन, वडाबाट योजना प्राथमिकीकरण, नगरको विषयगत समितिको बैठक, नगरकार्यपालिकाको बैठकबाट निर्णय गरी नगरसभाबाट स्वीकृत गर्ने गरिन्छ ।

नगरपालिकाले गर्ने अन्य निर्णय प्रक्रियामा नगर प्रमुखको निर्देशनमा सचिवले बैठकको लागि कार्यपालिकाका सदस्यहरुलाई ७ दिन अगाडी एजेण्डा सहित पत्राचार गर्ने, प्रमुखबाट बैठकमा एजेण्डा प्रस्तुत गर्ने, व्यापक छलफल पश्चाल सकेसम्म सर्वसम्मत नभए बहुमतका आधारमा अन्तिम निर्णय लिने गरिएको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी,

यस नगरपालिकाको कामकारवाही का सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि सुचना अधिकारीलाइ गुनासो व्यवस्थापन अधिकारीको रुपमा तोकिएको छ । नगरपालिकामा रहेको न्यायिक समितिले स्थानयि सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारक्षेत्र भित्रका उजुरी उपर समेत कारवाहि गर्दै आएको छ ।

**९.सम्पादन गरेको कामको विवरणः**

यस नगरपालिकाले नेपालको संबिधान, स्थानिय सरकार संचालन ऐन, २०७४, संघ, प्रदेश र स्थानिय कानुनले तोकेबमोजिम स्थानिय सरकारको रुपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण कामकारवाहि गर्दै आइरहेको छ ।

**१०. कार्यालय प्रमुख र सूचना अधिकारी नाम र पद**

| | |
|---|---|
| कार्यालय प्रमुखको नामः | नारायण अर्याल |
| पदः | प्रमुख प्रशासकीय अधिकृत |
| संपर्क नम्बरः | ९८५७०७६१११ |
| इमेलः | sandhikharkamunicipality@gmail.com |
| सूचना अधिकारीको नाम : | मञ्जु खनाल |
| पदः | शाखा अधिकृत |
| संपर्क नम्बरः | ९८५७०६९१०९ |
| इमेलः | sandhikharkamunicipality@gmail.com |

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

सन्धिखर्क नगरपालिकासंग सम्बद्द संघीय र प्रदेश कानुन बाहेक देहायबमोजिमका स्थानिय ऐन, नियम, नियमावली, विनियम, कार्यविधि र निर्देशिकाको परिपालना गरिरहेको छ । यस नगरपालिकाबाट जारी भएका ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डहरुको विस्तृत सुचि यस **नगरपालिकाको वेब साइट www.sandhikharkamun.gov.np मा राखिएको छ**

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरणः**

**यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण यस नगरपालिकाको वेब साइट www.sandhikharkamun.gov.np मा राखिएको छ**

**१३. तोकिएबमोजिमको अन्य विवरणः**

**नियमानुसार तोकिएबमोजिमको अन्य विवरण समेत यस सन्धिखर्क नगरपालिकाको वेब साइट www.sandhikharkamun.gov.np मा राखिएको छ ।**

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः**

यस नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिका क्षेत्राधिकारसंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

सन्धिखर्क नगरपालिकाको वेब साइटwww.sandhikharkamun.gov.np रहेको छ जसमा सन्धिखर्क नगरपालिकाले समय समयमा जारि गर्ने सुचना लगायतका विवरण पाउन सकिन्छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, रिण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

**यस** सन्धिखर्क नगरपालिकाले सोझै **बैदेशिक सहायता, रिण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन ।**

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:**

यस सन्धिखर्क नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ व २०७८/७९ को बजेट, नीति तथा कायक्रम अन्तर्गत रहेको छ । सोको प्रगति प्रतिवेदन सन्धिखर्क नगरपालिकाको **वेब साइट www.sandhikharkamun.gov.np रहेको छ ।**

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस नगरपालिकाले सम्पूण सुचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सुचनाहरु नगरपालिकाले प्रचलित ऐन, कानुन तथा नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**१९. सार्वजनिक निकायमा परेका सुचना माग सम्बन्धि निवेदन र सो उपर सुचना दिएको विवरण:**

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले नगरपालिकासंग माग गरेको सुचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०७८।१०।०१ देखि मिति २०७८।१२।३० सम्ममा माग गरिएको सुचना तपसिल बमोजिम रहेको छ ।

| सि न | सुचना माग गर्नेको नाम ठेगाना | सुचनाको व्यहोरा | माग गरेको सुचनाको दर्ता मिति | सुचना दिएको मिति |
|---|---|---|---|---|
| १ | श्री ईश्वर तिवारी हल्दिवारी झापा | बिभिन्न ८ बटा बुँदामा बजेट तथा कार्यक्रम लगायतका विषयमा सुचना मागिएको | २०७८/१२/०४ | २०७८/१२/१६ |
| २ | श्री शिवराज | बिभिन्न २० बटा बुँदामा | २०७८/१ | २०७८/१२ |

| | | | | |
|---|---|---|---|---|
| | बस्ताकोटी पोखरा कास्की । | बजेट तथा कार्यक्रम लगायतका विषयमा सुचना मागिएको | २/०७ | /१६ |
| ३ | सागर खनाल काठमाण्डौ | बिभिन्न २० बटा बुँदामा बजेट तथा कार्यक्रम लगायतका विषयमा सुचना मागिएको | २०७८/१२/०८ | २०७८/१२/१६ |
| ४ | श्री दिपक आचार्य पोखरा १७ महतगौडा | बिभिन्न २३ बटा बुँदामा बजेट तथा कार्यक्रम लगायतका विषयमा सुचना मागिएको | २०७८/१०/२४ | २०७८/११/०८ |

**२०. सार्वजनिक निकायका सुचना अन्यत्र प्रकाशन भएमा वा हुने भएमा सोको विवरणः**

महत्वपूण सुचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण यस नगरपालिकाको वेब साइट www.sandhikharkamun.gov.np मा समेत राख्ने गरिएको छ । अन्य सवै सुचनाहरु यस नगरपालिकाको वेब साइट www.sandhikharkamun.gov.np तथा नगरपालिकाको फेसबुक पेज **हेलो सन्धिखर्क**मा समेत राख्ने गरिएको छ ।